नेपाली सेना

श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा

अधिकृत क्याडेट पदको लागि दरखास्त आव्हान

(प्रथम पटक प्रकाशित मिति २०८२/०५/०६ गते)

भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग जङ्गी अड्डा

१. नेपाली सेनामा रिक्त अधिकृत पद (सहायक सेनानी/उपसेनानी) खुल्ला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति गर्नको लागि दरखास्त आव्हान गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकले नेपाली सेनाको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** बाट अनलाईन दरखास्त फाराम भरी सोको प्रिन्ट प्रति सहित स्वयम् उपस्थित भई तोकिएको भर्ना छनौट केन्द्रमा रू.१०।- (दश) को टिकट टाँसी दरखास्त पेस गर्न आव्हान गरिन्छ ।

२. **आवश्यक संख्या:** २८० जना ।

विज्ञापन नं.	सेवा समूह	पदको नाम	सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तति	खुल्ला तर्फ	समावेशी तर्फ					जम्मा
					महिला	आदिवासी/ जनजाती	मधेशी	दलित	पि.क्षे.	
०८२/८३/०१	सैनिक साधारण सेवा	अधिकृत क्याडेट	१४	१४६	२४	३८	३४	१८	६	२८०

३. **दरखास्त पेस गर्ने मिति, समय र स्थान :**

(क) **दरखास्त मिति:** मिति २०८२/०५/०६ गतेदेखि मिति २०८२/०६/०४ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८२/०६/०५ गतेदेखि मिति २०८२/०६/११ गतेसम्म थप दिन ७ हुनेछ । उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ ।

(ख) एकल तथा दोब्बर दस्तुर बुझाई दरखास्त पेस गर्ने अन्तिम मितिको दिन सार्वजनिक बिदा पर्न गएमा उक्त मिति भन्दा पछाडिको कार्यालय खुल्ने दिनमा दरखास्त दस्तुर (राजश्व) बुझाई दरखास्त फाराम दर्ता गर्न सकिनेछ ।

(ग) **स्थानः** आफूलाई पायक पर्ने तोकिएको भर्ना छनौट केन्द्र ।

क्र.सं.	भर्ना छनौट केन्द्रहरु	सम्पर्क टेलिफोन नम्बर	कैफियत
१	स्वयम्भु, काठमाण्डौ (केन्द्रीय भर्ना छनौट केन्द्र, श्री भर्ना छनौट निर्देशनालय)	०१-५९७९४७८	केन्द्रीय भर्ना छनौट केन्द्र
२	ईटहरी, सुनसरी (श्री पूर्वी पृतना हे.क्वा.)	०२५-५८४९३३	प्रारम्भिक भर्ना छनौट केन्द्रहरु
३	बर्दीवास, महोत्तरी (श्री मध्य पूर्वी पृतना हे.क्वा.)	०४४-५९००८१, ९८५४०२०७७२	
४	हेटौडा, मकवानपुर (श्री मध्य पृतना हे.क्वा.)	०५७-४१९०००, ०५७-४१९०१५, ९८६३०२८८८४	
५	विजयपुर, कास्की (श्री पश्चिम पृतना हे.क्वा.)	०६१-४११६७५, ९८५६०११४३९	
६	बुटबल, रुपन्देही (श्री मध्य पश्चिम पृतना हे.क्वा.)	०७१-४१९२०९	
७	निमारे, सुर्खेत (श्री उत्तर पश्चिम पृतना हे.क्वा.)	०८३-४१४०४५, ९८५८०८७७४८	
८	तेघरी, कैलाली (श्री सुदूर पश्चिम पृतना हे.क्वा.)	०९१-५५०७४२, ९७६२३०६५६१	

४. **दरखास्त दस्तुरः** सबै उम्मेदवारहरुले खुल्लातर्फ अनिवार्य रुपले फाराम भर्नु पर्नेछ र सो वापत दस्तुर रू.१,०००।- (एक हजार) बुझाउनु पर्नेछ । तर सोही विज्ञापनमा समावेशीतर्फको समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि थप २०% का दरले दस्तुर लाग्नेछ । उल्लिखित दस्तुर आफुले आवेदन दिने भर्ना छनौट केन्द्रको नाम (कार्यालयको नाम, कार्यालय कोड, बैंक खाता नम्बर र राजश्व शीर्षक नम्बर भरी) मा जम्मा गर्नुभई सोको सक्कलै भौचर र प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ उम्मेदवार स्वयम्ले पेस गर्नुपर्नेछ ।

क्र.सं.	भर्ना छनौट केन्द्र/कार्यालयको नाम	कार्यालय कोड	बैंक/खाता नं.	राजश्व शीर्षक नं.
१	श्री भर्ना छनौट निर्देशनालय	३४५०१३५१३	श्री नेपाल बैंक लिमिटेड खाता नम्बर ००१०१००००००००१००१००१	१४२२४
२	श्री पूर्वी पृतना हे.क्वा.	३४५०११४०६	श्री राष्ट्रिय वाणिज्य बैंक खाता नम्बर १०००१००२०००१००००	१४२२४
३	श्री मध्य पूर्वी पृतना हे.क्वा.	३४५०११८०८	श्री नेपाल बैंक लिमिटेड खाता नम्बर ००१०१००००००००१००१००१	१४२२४

४	श्री मध्य पृतना हे.क्वा.	३४५०१३२११	श्री नेपाल बैंक लिमिटेड खाता नम्बर ००१०१००००००००१००१००१	१४२२४
५	श्री पश्चिम पृतना हे.क्वा.	३४५०१३९०६	श्री राष्ट्रिय वाणिज्य बैंक खाता नम्बर १०००१००२०००१००००	१४२२४
६	श्री मध्य पश्चिम पृतना हे.क्वा.	३४५०१४८१०	श्री कृषि विकास बैंक लिमिटेड खाता नम्बर ०१००२०१२७७००९०१६	१४२२४
७	श्री उत्तर पश्चिम पृतना हे.क्वा.	३४५०१६८०३	श्री राष्ट्रिय वाणिज्य बैंक खाता नम्बर १०००१००२०००१००००	१४२२४
८	श्री सुदूर पश्चिम पृतना हे.क्वा.	३४५०१७७०९	श्री राष्ट्रिय वाणिज्य बैंक खाता नम्बर १०००१००२०००१००००	१४२२४

५. **आवश्यक योग्यताः**

(क) **शैक्षिक योग्यताः**

शैक्षिक योग्यता	कैफियत
(१) अधिकृत क्याडेटको लागि प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण (२) स्नातक अधिकृत क्याडेटको लागि स्नातक तह वा सो सरह उत्तीर्ण **(SLC/SEE परीक्षामा अनिवार्य गणित विषय लिएको हुनुपर्ने)**	(क) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ लागु हुनु पूर्व जारी भएका प्रमाणपत्रको हकमा न्यूनतम GPA-२/CGPA -१.६ वा सो भन्दा माथि हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने । (ख) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ बमोजिम जारी भएको प्रमाणपत्रको हकमा SEE को योग्यता न्यूनतम् GPA-2 वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने । कक्षा १२ को शैक्षिक योग्यताको हकमा GPA-१.६ वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने । **(ग) स्नातक अधिकृत क्याडेटको सैनिक आधारभूत तालिम अवधि १२ (बाह्र) महिनाको हुने ।**

(ख) **शारीरिक योग्यताः**

क्र.सं.	विवरण	पुरुष	महिला	कैफियत
१	उचाई	न्यूनतम ५ फिट ३ ईन्च	न्यूनतम ५ फिट	
२	छाती	नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च	-	
३	वजन	न्यूनतम ५० के.जी. (११० पौण्ड)	न्यूनतम ४० के.जी. (८८ पौण्ड)	
४	आँखा	चस्मा प्रयोग गर्ने भएमा आँखा ± २ (दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने ।		

भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग जंगी अड्डा

(ग) **अन्य योग्यता**: उम्मेदवारहरु स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनुपर्नेछ ।

६. **उमेरको हद:**

(क) प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता हुनेको हकमा दरखास्त पेस गर्ने अन्तिम मिति २०८२।०६।०४ गतेका दिन १८ वर्ष पूरा भई २१ वर्ष ननाघेको (जन्म मिति २०६१।०६।०४ गतेदेखि मिति २०६४।०६।०४ गतेसम्म) हुनुपर्नेछ ।

(ख) स्नातक तह वा सो सरहको शैक्षिक योग्यता हुनेको हकमा दरखास्त पेस गर्ने अन्तिम मिति २०८२।०६।०४ गतेका दिन १८ वर्ष पूरा भई २४ वर्ष ननाघेको (जन्म मिति २०५८।०६।०४ गतेदेखि मिति २०६४।०६।०४ गतेसम्म) हुनुपर्नेछ ।

(ग) बहालवाला सैनिक उम्मेदवारहरुको हकमा दरखास्त पेस गर्ने अन्तिम मिति २०८२।०६।०४ गतेका दिन २६ वर्ष ननाघेको (जन्म मिति २०५६।०६।०४ गते र सो पछि जन्म भएको) हुनुपर्नेछ ।

७. **नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि:**

(क) बहालवाला उम्मेदवारहरुबाट दरखास्त दिनेहरुको हकमा सैन्य आधार तालिम गरेको हुनुपर्नेछ । साथै, दरखास्त पेस गर्ने अन्तिम मिति २०८२।०६।०४ गतेका दिन न्यूनतम सेवा अवधि २ (दुई) वर्ष पूरा भएको हुनुपर्नेछ ।

(ख) युनिटपतिको सिफारिस पेस गर्नुपर्नेछ ।

८. **पेस गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु:** देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि उम्मेदवार स्वयम्ले प्रमाणित गरी १/१ प्रतिका दरले नेपाली फायलमा राखी पेस गर्नुपर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरु मान्य हुनेछैन । दरखास्त साथ पेस गरिने सबै कागजातहरुको सक्कल प्रति साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) एस.एल.सी./एस.ई.ई.को लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजनल प्रमाणपत्र ।

(ग) प्रमाणपत्र तह (कक्षा १२) को ट्रान्सक्रिप्ट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजनल प्रमाणपत्र ।

(घ) स्नातक तह उत्तीर्ण गर्नेको हकमा ट्रान्सक्रिप्ट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजनल प्रमाणपत्र ।

(ङ) नेपालका विद्यालय/विश्वविद्यालयहरु वाहेक अन्य बोर्ड तथा विश्वविद्यालयबाट उपाधी हासिल गर्नेहरुको हकमा पाठ्यक्रम विकास केन्द्र वा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।

(च) शैक्षिक योग्यता बाहेक आफूले प्राप्त गरेको अन्य प्रमाणपत्रहरु (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्बन्धी प्रमाणपत्रहरु भएमा ।

(छ) **सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दागर्दै कुनै शारीरिक चोटपटक लागी सोही कारणबाट शारीरिक रुपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततीहरुको हकमा निम्न थप कागजातहरु सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेस गर्नुपर्नेछः**

(१) श्री समारोह सञ्चालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निबृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती/कर्तव्य पालनाको सिलसिलामा मृत्यु/अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति-१ (एक) ।

(२) बहालवाला सैनिकको हकमा "**सैनिक सेवा नियमावली, २०६९**" को नियम १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति-१ (एक) ।

(३) सम्वन्धित उम्मेदवारसंगको नाता प्रमाणितको प्रतिलिपि प्रति-१ (एक) ।

९. **फोटोग्राफ**: उम्मेदवारले हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको देहाय अनुसारको फोटो दरखास्त साथ पेस गर्नुपर्नेछ ।

(क) पासपोर्ट साईजको फोटो प्रति-४ (चार) ।

(ख) २X२ साईजको फोटो प्रति-१ (एक)

१०. **सम्पर्क मिति**: २०८२।०६।२४ गतेको ११०० बजे दरखास्त पेस गरेको सम्बन्धित भर्ना छनौट केन्द्रमा ।

११. **छनौट प्रक्रिया**: प्रारम्भिक भर्ना छनौट केन्द्रमा दरखास्त पेस गर्ने उम्मेदवारहरुको छनौट परीक्षा अन्तर्गत वियरिङ्ग देखि लिखित परीक्षासम्म दरखास्त पेस गरेको सम्वन्धित प्रारम्भिक भर्ना छनौट केन्द्रमा हुनेछ र बांकी रहेका अन्य परीक्षाहरु श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डाले तोकेको स्थानमा सञ्चालन हुनेछ । कुनै पनि परीक्षामा अनुत्तीर्ण हुने उम्मेदवार त्यसपछि सञ्चालन हुने परीक्षामा सहभागी हुन पाउने छैनन् ।

(क) **वियरिङ्ग परीक्षा**: यस परीक्षामा उम्मेदवारहरुको उचाई, वजन र छाती (पुरुष उम्मेदवारको मात्र) तथा शारीरिक बनावट परीक्षण गरिनेछ । शारीरिक बनावट परीक्षणमा हेरिने बुँदाहरु निम्नानुसार रहेको:

(१) **बुँदा नं.१: शरीरको अङ्गहरू सामान्य भएको**

(अ) सामान्य मानिसमा हुनुपर्ने अङ्गहरू नभएको तथा थप अङ्गहरू भएको हुन नहुने ।

(आ) हात, खुट्टा लामो छोटो भएको हुन नहुने ।

भर्ना छनौट निर्देशनालय
कार्यरथी विभाग
जंगी अड्डा

(इ) खुँडे हुन नहुने ।

(ई) ढाड कुप्रो हुन नहुने ।

(उ) शरीर पूरा झुकाउन सक्ने हुनुपर्ने ।

(ऊ) जिउ कोल्टे परेको हुन नहुने ।

(२) **<u>बुँदा नं. २: शरीरमा अस्वभाविक दागहरू नभएको</u>**

(अ) रोग वा चोटपटकको कारण अनुहारमा अस्वाभाविक छ्याका भएको हुन नहुने ।

(आ) अनुहार र टाउकोमा अस्वभाविक ग्रहणको टाटो (Birth Mark), खत र दाग भएर रूप नै बिग्रिएको हुन नहुने तर सामान्य ग्रहणको टाटो (Birth Mark), खत र दाग भएकोलाई लिन सकिने । रोग, शल्यक्रिया र चोटपटकबाट भएको ठुलो खतको हकमा डाक्टर अधिकृतबाट एकीन गरी कार्य क्षमतामा असर नपर्ने भएमा लिन सकिने ।

(इ) आफैले जाना जानी बनाएको खत (अक्षर, नाम वा दाग) भएको हुन नहुने ।

(ई) शरीरको कुनै पनि भागमा ट्याटु मार्क हुन नहुने तर मेटाएको अवस्थामा मात्र ट्याटुको दाग स्वाभाविक भएमा लिन सकिने ।

(३) **<u>बुँदा नं.३: हात खुट्टा बाङ्गो टिङ्गो नभएको, औंलाहरू ठीक भएको र धेरै चेप्टो पैताला (Flat Foot) नभएको</u>**

(अ) हात खुट्टा बाङ्गो टिङ्गो भएको हुन नहुने (हत्केला आकाशतिर फर्काई सिधा गर्दा कुहिनानिरको हातको कोण पुरुषको हकमा ५-१० डिग्री र महिलाको हकमा ५-१५ डिग्री भन्दा बढी हुन नहुने) ।

(आ) हात खुट्टाको औंलाहरू जोडिएको तथा खप्टिएको हुन नहुने ।

(इ) हात खुट्टाको औंलाहरू अस्वाभाविक रूपमा फाटिएर नजोडिने हुन नहुने ।

(ई) Flat Foot: धेरै चेप्टो पैताला हुन नहुने ।

(४) **<u>बुँदा नं.४: घुंडाको अवस्था</u>**

(अ) <u>Knock Knee</u>: सतर्क पोजिशनमा उभिदा घुंडा नजोडिने हुनुपर्ने ।

(आ) <u>Bow Leg</u>: दुबै खुट्टा जोडेर उभिंदा घुंडा बीच ८ से.मि. भन्दा धेरै ग्याप हुन नहुने ।

(५) **<u>बुँदा नं.५: शरीरमा मुसा नभएको</u>**

(अ) शरीरको कुनै पनि भागमा छरिएर धेरै संख्यामा मुसा भएको हुन नहुने ।

नोटः बियरिङ्ग चेकजाँचको समयमा कैफियतमा मुसा भएको भनि जनाउने र निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजाँच सम्मको अवधिमा उपचार गराई आएमा मुसाको प्रकृति हेरी फिट हुन सक्ने भनि जानकारी गराउने ।

(६) **बुँदा नं.६: दाँत नझरेको**

(अ) दाँत झरेको भएमा Fixed दाँत लगाएको हुनुपर्ने तर बुद्धि बङ्गारा झरेको भएमा लिन सकिने ।

(आ) दाँत RCT गरेको भएमा Cap लगाएको हुनुपर्ने ।

(इ) अगाडिको दाँत बाहिर निस्कन गई दुवै ओठ जोड्दा बाहिर देखिन नहुने ।

(ई) दाँत किराले खाएको भए दाँत भरेको हुनुपर्ने ।

(उ) अगाडिको दाँतहरू २ मि.मि. भन्दा बढी फाटिएको हुन नहुने ।

(७) **बुँदा नं. ७: दुवी भएको**

(अ) सर्ने किसिमको दुवी (Vitiligo) हुन नहुने ।

(आ) शरीरमा अस्वभाविक देखिने दुवी हुन नहुने ।

नोटः P. Versicolor नसर्ने किसिमको दुवी भएमा कैफियत महलमा नसर्ने दुवी लेखि (निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजाँचसम्मको अवधिमा उपचार गराई आएमा अवस्था हेरी फिट हुन सक्ने भनि जानकारी गराउने) र यस्तो प्रकारको दुवीलाई लिन सकिने ।

(८) **बुँदा नं.८: कपाल नझरेको/कपाल नफुलेको**

(अ) कुनै किसिमको रोगको कारण धेरै कपाल झरेको हुन नहुने ।

(आ) धेरै मात्रामा कपाल फुलेको हुन नहुने ।

(९) **बुँदा नं. ९: आँखा डेढो नभएको र आँखा चिम्लन सक्ने**

(अ) डेढो आँखा भएको हुन नहुने ।

(आ) दुवै आँखाको आकार समान भएको हुनुपर्ने ।

(इ) दायाँ हात चलाउनेको हकमा वांया आँखा र बायाँ हात चलाउनेको हकमा दायाँ आँखा चिम्लन सक्ने हुनुपर्ने ।

(१०) **बुँदा नं. १०: प्रष्ट बोली भएको, भकभकाउने र लठ्यौरो हुन नहुने**

(अ) भकभकाउने, लठ्यौरो तथा तोते बोली नभएको र प्रष्ट बोली भएको हुनुपर्ने ।

नोटः उम्मेदवारहरुको शारीरिक बनावटको कारण सैनिक कार्य क्षमतामा असर पर्ने हुन नहुने ।

(ख) **प्रारम्भिक स्वास्थ्य परीक्षण**: मान्यता प्राप्त चिकित्सकहरुद्वारा उम्मेदवारहरुको प्रारम्भिक स्वास्थ्य परीक्षण गरिनेछ । यस परीक्षणमा नाक, कान, आँखा (कलर भिजन), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

(ग) **शारीरिक परीक्षा:** शारीरिक परीक्षाको मापदण्ड देहायनुसार रहेको छ।

विवरण	परीक्षाको विवरण				
	सिटअप	पुसअप	चिनअप	३०० मि. दौड	२ माईल दौड
पुरुष	१५ पटक	१२ पटक	५ पटक	५५ सेकेण्ड	१६ मिनेट
महिला	८ पटक	७ पटक	३ पटक	६५ सेकेण्ड	१९ मिनेट

(घ) **आइ.क्यू. परीक्षा:** आइ.क्यू. परीक्षा (बहुवैकल्पिक प्रश्नहरु) समय ३० मिनेटको हुनेछ।

(ङ) **लिखित परीक्षा:**

(१) अंग्रेजी (प्रमाणपत्र तह वा सो सरह) - समय २ घण्टा ३० मिनेट।

(२) नेपाली (प्रमाणपत्र तह वा सो सरह) - समय २ घण्टा ३० मिनेट।

(३) गणित (एस.एल.सी.र एस.इ.ई. स्तर) - समय २ घण्टा ३० मिनेट।

(४) सामान्य ज्ञान (बहुबैकल्पिक प्रश्नहरु) - समय १ घण्टा ३० मिनेट।

द्रष्टव्य: उल्लिखित लिखित परीक्षाहरु श्री लोक सेवा आयोगबाट सञ्चालन गरिनेछ। बस्तुगत बहु-उत्तर प्रश्नको गलत उत्तरको २० प्रतिशत अङ्क कट्टा हुनेछ।

(च) **गुणमापक** (TO, GTO, IO र BC) **परीक्षा:** विशेषज्ञ अधिकृतहरुबाट सञ्चालन गरिनेछ।

(छ) **विस्तृत स्वास्थ्य परीक्षण:** मान्यता प्राप्त चिकित्सकहरुबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ। नेपाली सेनामा स्वास्थ्य उपचार सुविधा पाइरहेका उम्मेदवारहरु बाहेक अन्य उम्मेदवारहरुको विस्तृत स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ।

(ज) **अन्तर्वार्ता:** पदपूर्ति समितिका पदाधिकारीहरुबाट अन्तर्वार्ता हुनेछ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु:** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार।

१३. **अन्य शर्तहरु:**

(क) **नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति अनिवार्य रुपमा पेस गर्नुपर्नेछ।**

(ख) समावेशी तर्फका पुरुष उम्मेदवारहरुको हकमा आदिवासी/जनजाति, मधेशी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिष्पर्धा गर्न सक्नेछन्। तर महिलाको हकमा यो व्यवस्था लागु हुनेछैन। साथै, पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरुले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिष्पर्धा गर्न सक्नेछन्।

(ग) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat Related Duties/Combat Support/Combat Service Support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराइनेछ ।

(घ) उम्मेदवारहरु (बहालवाला बाहेक) अविवाहित हुनुपर्नेछ र तालिम अवधिभर विवाह गर्न पाईने छैन ।

(ङ) आवेदकले एक मात्र भर्ना छनौट केन्द्रबाट आवेदन दिन पाइनेछ ।

(च) अन्य शर्तहरु नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **JOIN NEPALI ARMY** भित्र **Recruitment & Selection** वा आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** मा गई हेर्न सकिनेछ ।

१४. **अनलाईन दरखास्त फाराम भर्ने सम्बन्धमा जानकारी:**

(क) नेपाली सेनाको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** मा गई **"Apply Online"** मा **Click** गर्ने ।

(ख) अनलाईन दरखास्त फाराम भर्न निम्न अनुसारको विवरणहरु नेपाली युनिकोडमा भर्नु पर्नेछ । साथै उम्मेदवारको फोटो, नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु र राजश्व दस्तुर तिरेको भौचरको स्क्यान/डिजिटल कपी अनिवार्य आवश्यक पर्दछ ।

(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण (३) शैक्षिक विवरण (४) पारिवारिक विवरण

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा उम्मेदवारको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा तोकिएको न्यूनतम योग्यता प्रविष्ट (Entry) गरी मान्य भएपछि मात्र उम्मेदवारले त्यसपछि भर्नुपर्ने फारामहरुमा प्रवेश पाउनेछन् ।

(घ) आवश्यक विवरण तथा डकुमेन्टहरु प्रविष्ट/अपलोड भए पछि राजश्व तिरेको भौचरको स्क्यान/डिजिटल कपी अपलोड गरी **Submit Application** गर्ने र उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेशपत्र, राजश्व दस्तुरको भौचर डाउनलोड गरी **PDF Format** मा **Save** गर्ने र प्रिन्ट गर्ने ।

(ङ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो र हुलाक टिकट टाँस गरी निवेदकको सहिछाप सहित आफूले छनौट गरेको भर्ना छनौट केन्द्रमा तोकिएको मिति भित्र पेस गर्नुपर्नेछ ।

(च) यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सोको प्रिन्ट सहितको फाराम भर्ना छनौट केन्द्रमा नबुझाएको अवस्थामा सो अनलाईनबाट मात्र **Submit** गरेको फारामलाई मान्यता दिईने छैन ।

(छ) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो जिज्ञासा/कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ । साथै, थप केहि जानकारी लिनु परेको खण्डमा सूचना प्रविधि निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९३०५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

१५.   **विशेष सूचनाः** सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जङ्गी अड्डा, काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कुल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व.०७९/८० देखि समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानुन बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

द्रष्टव्यः

(१)   पदपूर्ति **"सैनिक सेवा नियमावली, २०६९"** को आधारमा गरिनेछ ।

(२)   यो विज्ञापन तथा छनौट परीक्षा सम्बन्धी सम्पूर्ण सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** मा हेर्न सकिनेछ । अधिकृत क्याडेट पदको पाठ्यक्रम उक्त पोर्टलको **ARMY SYLLABUS** मा हेर्न सकिनेछ ।

(३)   थप केहि जानकारी लिनु परेमा आफूलाई पायक पर्ने भर्ना छनौट केन्द्र वा श्री भर्ना छनौट निर्देशनालयको सम्पर्क नं.०१-५९७९४७८ (कार्यालय समय भित्र) मा सम्पर्क गर्न समेत सूचित गरिन्छ ।

(रोज प्रताप ज.ब.रा.)
सहायक रथी
निर्देशक